# चुलाचुली गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक-२०७५

**प्रस्तावनाः** चुलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७ ५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चुलाचुली गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि चुलाचुली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकिकृत सम्पति करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिमको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** चुलाचुली गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** चुलाचुली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिम व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पर्यटनशुल्कः चुलाचुली** गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट चुलाचुली गाउँकार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन तर विपद, कडारोगको उपचार, अनाथ, अपाङ्ग तथा राहत सम्बन्धी सिफारिसमा दस्तुर छुट दिइन सकिनेछ ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि चुलाचुली गाउँपालिकाले तोके अनुसार हुने छ ।

आगामी आर्थिक बर्ष ०७५/०७६ का लागी चुलाचुली गाउँपालिकाको करका दरहरु निम्नानुसार हुनेछन ।

## गाउँसभा बाट प्रस्तावित करको दरहरु

तपिशलः लाग्ने दस्तुरः

१. नागरिकता सिफारिस

बंशज..................................................रु.१५०/-

अंगीकृत ..............................................रु.७००/-

बैवाहिक अंगीकृत .................................रु.१०००/-

प्रतिलिपि सिफारिस ............................रु.३००/-

२.नाता प्रमाणित नेपाली ................................ रु.१५०/-

३. नाता प्रमाणित अंग्रेजी ................................ रु १०००/-

४.जग्गा नामसारी सिफारिस न्युनतम रु.५००/- १० कठ्ठा सम्म सो भन्दा माथी थप प्रति कठ्ठा रु.५०/-

५. विधुत मिटर सिफारिस ...................................रु. ३००/-

६. घर वाटो सिफारिस घर बाटो दुबैले नछोएको रु. ४००/- घर बाटो दुबैले छोएको रु.५००/-

७. चार किल्ला प्रमाणित सिफारिस पहिलो कित्ता रु. ५००/- सो भन्दा माथी थप प्रति कित्ता रु.१००/-

८.व्यवसाय दर्ता सिफारिस ..................................................रु.५००/-

९.छुट जग्गा दर्ता सिफारिस ...............................................रु.१०००/-

१०. बार्षिक आम्दानी प्रमाणित सिफारिस न्यूनतम नेपालीमा रु. ५००/- र अंग्रेजीमा रु.1000 आम्दानीको ०.१ %

११.व्यवसाय दर्ता .............................................................रु. १०००/-

१२.घर धुरी कर वार्षिक ...........................रु. ५०/- देखी रु.५००/- सम्म

१३.सम्पति मूल्याङ्कन सिफारिस सम्पत्तीको............................ ०.३%

१४.व्यवसाय दर्ता नविकरण ..................................................रु.३००/-

१५. क) जन्म मिति प्रमाणित २०७४ साल अघिको नेपालीमा रु.५००/- अंग्रेजीमा ....... रु.१०००/-

ख) जन्म मिति प्रमाणित २०७४ साल पछिको नेपालीमा रु.३००/- अंग्रेजीमा...........रु.१०००/-

ग) मृत्यु प्रमाणित २०७४ साल अघिको नेपालीमा रु.५००/- अंग्रेजीमा ......... रु.१०००/-

घ) मृत्यु प्रमाणित २०७४ साल पछिको नेपालीमा रु.३००/- अंग्रेजीमा...........रु.१०००/-

ङ) विवाह प्रमाणित २०७४ साल अघिको नेपालीमा रु.५००/- अंग्रेजीमा ......... रु.१०००/-

च) विवाह प्रमाणित २०७४ साल पछिको नेपालीमा रु.३००/- अंग्रेजीमा...........रु.१०००/-

१६. तिरोवारी भित्रको कुकाठ रुख कटान सिफारिस प्रति क्युफिट.............. रु.५/-

१७.गाउँपालिका सभाहल भाडा प्रति दिन .......................... रु.१०००/-

१८. क) व्यक्तिगत घटना दर्ता प्रति सुचना फारम अनिवार्य ....................... .रु.५०/-

ख) ३५ दिन भन्दा माथी ५ वर्ष सम्मको जन्मदर्ता ................................ रु.५०/-

ग) ६ वर्ष देखी १६ वर्ष सम्मको जन्म दर्ता रु.२००/-

घ) १७ वर्ष देखी माथी जन्म दर्ता रु. रु.५००/-

ङ) नागरिक्ता प्राप्त ब्यक्तिको जन्मदर्ता रु. १०००/-

च) मृत्युदर्ता ३५ दिन सम्म निशुल्क सो भन्दा बदी रु. ५०/-

छ) विवाह दर्ता ३५ दिन भन्दा माथी रु.२००/-

ज) बसाईसराई दर्ता ३५ दिन सम्म निशुल्क सो भन्दा बढी रु. ५०/-

१९.अन्य सबै सिफारिस-(बाढी पहिरो,दैवी प्रकोप,अनाथ र कडा रोग ) रु.३००/-

२०. स्थाई बसोबास प्रमाणित .......................................................रु. ३००/-

२१.नाम थर संशोधन सिफारिस.......................................................रु. ४००/-

२२.अन्य सबै सिफारिस .......................................................रु.१५०/-

२३.स्थाई बसोबास प्रमाणित ...................................................रु.३००/-

२४.नाम थर संशोधन सिफारिस ..............................................रु.४००/-

२५.छात्राबृति सिफारिस .रु........................................................३००/-

२६. ठूलो मेसिनरी ओजार पसल......................................... ..............रु.१०००/-

२७.निजि बिध्यालय दर्ता /नविकरण सिफारिस ...............................रु. २०००/-

२८.निजि विध्यालाय कक्षा थप सिफारिस ...................................... रु. १०००/-

२९.चारित्रिक प्रमाणित सिफारिस .................................................... रु. ३००/-

३०.अपुताली सिफारिस ...................................................................... रु. २०००/-

३१.स्वदेशी पेन्सन पट्टाको सिफारिस रु............५००/-

३२.विदेशी पेन्सन पट्टाको सिफारिस -/१००० .रु

३३.संस्था दर्ता नविकरण -/१००० .रु.................................................

३४.अंग्रेजी सिफारिस -/१००० .रु........................................................

३५.अंसियार प्रमाणित सिफारिस ..

बसाई सरि जादा सामान लैजाने सिफारिस (काँटी लागेको पुराना काठको घर समेत लैजादा) .रु.. -/२०००

३७.ब्यवसाय बन्दको सिफारिस .रु......................................... ५०

३८.मालपोत असुली

| वर्ग | दर |
|---|---|
| क | २०प्रति कठ्ठा -/ |
| ख | १८प्रति कठ्ठा -/ |
| ग | १६प्रति कठ्ठा -/ |
| घ | १४प्रति कठ्ठा -/ |
| ङ | १०प्रति कठ्ठा -/ |

३६ क) घर नक्सा पास (पक्की घर मात्र) प्रति स्क्वायर फुट रु-/५.

ख) कृषि पशु व्यवसाय अन्तरगत पक्की खोर गोठ बंगुर खोर कुखुरा पालन खोर प्रति वर्ग फुट रु.१.५

३७ कम्पनी दर्ता शुल्क घटिमा रु २००० र थप बढीमा -/(पुजीको आधारमा)

३८ बार्षिक सवारी करको दर रेट

क) टिपर...................................................... रु. १००००-/

ख) बस, ट्रक, ......................................................रु. १००००/-

ग) मिनि बस,......................................................रु. ५०००/-

घ) ट्याकटर ......................................................रु. ५०००/-

ङ) भ्यान कार ......................................................रु. ३०००/-

च) टेम्पो, पावर टिल................................................रु. ३०००/-

छ) सिटी रिक्सा ......................................................रु. १०००/-

पटके कर नियमानुसार अशुल उपर गरिने छ ।

क) बस, ठुलाट्रक, ट्रली टिपर रु ५०/-

ख) मिनि ट्रक, हाफ ट्रली रु ४०/-

ग) ट्याकटर रु. ३०/-

घ) पिकअप भ्यान कार जिप रु २०/-

ङ) सिटी रिक्सा अटो रिक्सा रु १०/-